आज मिति २०७९।१०।२५ गतेका दिन गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको आ.व. २०७९।८० को ११ औं (९८ औं) बैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको बैठक कक्षमा वस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

## उपस्थिति

| क.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | अमाया |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | कुन्ती |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | तारा |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | — |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | — |
| १७ | श्री रिजेश उपरकोटी | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित उपस्थिति

१, श्री बुद्धि प्रसाद सुवेदी, आर्थिक प्रशासन शाखा –
२, श्री सुदिप पन्थ, कर्मचारी प्रशासन शाखा –
३, श्री गोपी कोइराला, योजना शाखा –

CamScanner

**प्रस्तावहरु**

१) गाउँपालिकाको लोगो स्वीकृती सम्बन्धमा ।
२) जनयुद्ध दिवस मनाउने सम्बन्धमा ।
३) जिल्ला प्रदेश तथा संघीय सरकारवाट प्राप्त पत्र परिपत्रको जानकारी सम्बन्धमा ।
४) विविध

**निर्णयहरु**

**निर्णय नं. १**

यस समितिको मिति २०७९।०९।१८ को निर्णयानुसार गाउँपालिकाले आफ्नै लोगो तयार गरी कार्यान्वयनमा ल्याउने सम्बन्धमा मिति २०७९।१०।०९ गते प्रकाशित सूचना बमोजिम तपसिल बमोजिमका व्यक्ति संघ संस्थावाट लोगो तयार गरी पेश हुन आएका विभिन्न ६ वटा प्रस्ताब सहितको लोगोहरु आजको यस बैठकमा छनौटका लागि प्रस्तुत भई छलफल भयो । पेश हुन आएका सवै लोगोहरुको गाउँपालिकाको धार्मिक, कला, साँस्कृति, भौगोलिक, पर्यटकीय एवं विविध खालको मौलिक पहिचान समेतलाई छनौटको मुख्य आधार वनाई छनौट गर्दा सवै भन्दा उत्कृष्ठ देखिएको श्री सुभाष श्रेष्ठ, साविक दारेचोक गा.वि.स. वडा नं. ९ चितवनले पेश गर्नु भएको लोगो सर्वसम्मतवाट छनौट गर्ने र निजलाई पारिश्रमिक स्वरुप रु ३० हजार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यहि फाल्गुण १ गते जनयुद्ध तथा जनआन्दोलन दिवस विविध कार्यक्रम सहित सभ्य, भव्य एवं उल्लासमय वातावरणमा मनाउने सम्बन्धमा गण्डकी गाउँपालिका क्षेत्र भित्र सवै सरकारी अर्ध तथा गैर सरकारी संघ संस्था कार्यालय तथा विद्यालयहरुमा सार्वजनिक विदा दिने र उक्त दिन सवै शिक्षक, कर्मचारीहरुलाई कार्यक्रममा अनिवार्य सहभागी हुन आव्हान गर्दै तपसिल बमोजिम विभिन्न कार्यक्रमहरु सहित आयोजना गरी फाल्गुण १ गतेको कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गर्ने निर्णय गरियो ।

**तपसिल**

१) विभिन्न विधा तह र तप्कामा रहेका तपसिल बमोजिमका व्यक्तित्वहरुलाई सम्मान गर्ने व्यवस्था मिलाउने ।
क) जनयुद्ध तथा जनआन्दोलनको क्रममा शहिद र बेपत्ता परिवारजन तथा घाइतेहरुलाई दोसल्ला ओडाई प्रमाणपत्र प्रदान गरी सम्मान गर्ने ।
ख) गाउँपालिका क्षेत्र भित्रका विभिन्न संघ संस्थाहरुलाई निःशुल्क जग्गा दान गर्ने जग्गादाताहरुलाई दोसल्ला ओडाई प्रमाणपत्र प्रदान गरी सम्मान गर्ने ।
ग) जनयुद्ध तथा जनआन्दोलनमा विस्थापित हुन पुग्नु भएका राष्ट्रसेवकहरुलाई दोसल्ला ओडाई प्रमाणपत्र प्रदान गरी सम्मान गर्ने ।
घ) व्यवसायिक कृषि क्षेत्रमा नमूना रुपमा रहेका कृषि तथा पशुपालक कृषक छनौट गरी सम्मान गर्ने
ङ) निवर्तमान जनप्रतिनिधिहरु सवै
च) शिक्षा क्षेत्रका उत्कृष्ट विद्यालय, विद्यार्थी र शिक्षकहरु

२) विभिन्न कार्यक्रमहरु सहित आयोजना गरी फाल्गुण १ गतेको कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गर्न तपसिल बमोजिमको समिति गठन गर्ने ।

**तपसिल**

**१) मन्च सजावट तथा व्यवस्थापन समिति**

वडा नं. २, ६ र ५ का कार्यपालिका सदस्यहरु

कर्मचारीहरु प्रमुख प्रशासकीय अधिकृतले तोक्ने

यस समितिको मुख्य मुख्य जिम्मेवारीहरु: मन्च तयार गर्ने, सजावट गर्ने, आवश्यक गेटहरु निर्माण गर्ने, तोरण रंगी विरंगी ध्वजा पताका तयार गर्ने, स्वागत तुल व्यानरहरु आवश्यकता अनुसार तयार गर्न लगाई टाङ्ने व्यवस्था मिलाउने, माइक स्पिकर, क्यामेरा, भिडियो लगायत अन्य सजावटका सामानहरुको व्यवस्थापन मिलाउने ।

**२) अतिथि स्वागत सत्कार समिति**

वडा नं. १ र ३ का कार्यपालिका सदस्यहरु

कर्मचारीहरु प्रमुख प्रशासकीय अधिकृतले तोक्ने

यस समितिका मुख्य मुख्य जिम्मेवारीहरु: आमन्त्रित प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, आमन्त्रित एवं सहभागि सवैको स्वागत गर्ने, वस्ने व्यवस्थापन मिलाउने, खादा माला व्याच लगायतको व्यवस्थापन गर्ने, वितरण गर्ने आवश्यकता अनुसार सवारी साधन दुरुस्त अवस्थामा राखी यातायातको प्रवन्ध मिलाउने समेतका सवै कार्यहरु सम्पन्न गर्ने ।

**३) कार्यक्रम व्यवस्थापन समिति:**

कर्मचारीहरु प्रमुख प्रशासकीय अधिकृतले तोक्ने

यस समितिको प्रमुख कार्यहरु: कार्यक्रमको स्वरुप तयार गर्ने, कार्यक्रम सन्चालन गर्ने, चिठी पत्र आदी तयार गर्ने पठाउने,

**४) चियापान व्यवस्थापन समिति:**

वडा नं. ४, ७ र ८ का कार्यपालिका सदस्यहरु

कर्मचारीहरु प्रमुख प्रशासकीय अधिकृतले तोक्ने

यस समितिको मुख्य जिम्मेवारी: यस समितिले कार्यक्रमको पूर्व तयारीको सिलसिलामा खट्ने कर्मचारी तथा प्रतिनिधिहरुलाई खाना, खाजाको व्यवस्थापन मिलाउने, कार्यक्रमका दिन प्रमख अतिथि, विशेष तथा अतिथिज्यूहरु एवं अन्य सहभागिहरुलाई आवश्यकता अनुसार खाना, खाजा तथा चिया, पानीको व्यवस्थापन मिलाउने ।

**५) अनुगमन समिति:**

संयोजक: गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना(साकार)

उप संयोजक: गाउँपालिका उपाध्यक्ष श्री ललिता अधिकारी

सदस्य: प्रमुख प्रशासकीय अधिकृत श्री रिजेश उपरकोटीज्यू

**निर्णय नं. ३**

फाल्गुण १ गते मनाइने जनयुद्ध तथा जनआन्दोलन दिवसको प्रमुख अतिथिको रुपमा नेपाल सरकारका माननीय उपप्रधान, भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री नारायण काजी श्रेष्ठज्यूलाई निमन्त्रणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

जिल्ला प्रदेश तथा संघीय सरकारवाट प्राप्त पत्र परिपत्रको जानकारी गराउने सम्बन्धी प्रस्ताव बमोजिम आजको यस वैठकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अनुदान सम्बन्धी विवरण उपलव्ध गराउने सम्बन्धी पत्र, भगिनी सम्वन्ध अभिलेखिकरण सम्बन्धी पत्र, स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय पोखराको झोलुङ्गेपुलको विवरण उपलव्ध गराउने, प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम पुल्चोक ललितपुरको सडक विवरण सम्बन्धी परिपत्र, जिल्ला प्रहरी कार्यालय तथा मालपोत कार्यालयको सहयोग माग सम्बन्धी पत्रहरु प्रस्तुत भई जानकारी भयो । उक्त सम्वन्धमा परिपत्रवाट माग भए बमोजिमको विवरणहरु सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. ५ विविध:**

१.) गण्डकी गाउँपालिकाको मध्यमकालिन खर्च संरचना योजना तथा यातायात सडक गुरु योजना तयार गर्ने सम्बन्धी प्रस्ताव आजको यस बैठकमा पेश भई छलफल हुदाँ आगामी आ.व. देखि कार्यान्वयनमा ल्याउने गरी चालु आ.व.मा आगामी आ.व. २०८०।०८१ को बजेट तर्जुमा गर्नु पूर्वनै मध्यमकालिन खर्च संरचना सहितको वार्षिक योजना तर्जुमा तथा स्थानीय यातायात सडक गुरु योजना तयार गर्ने र सोको लागी योजनाको कन्टिन्जेन्सी कट्टि गरी प्राप्त हुने रकमलाई उच्चतम् सदुपयोग गर्दै तपसिल बमोजिम कार्यको लागि कन्टिन्जेन्सी रकमवाट आवश्यकता अनुसार खर्च गर्ने निर्णय गरियो ।

**निम्न**

१) मध्यमकालिन खर्च संरचना तर्जुमा

२) यातायात सडक गुरु योजना तयार गर्न

२) नमूना विद्यालयको लागि कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा स्वीकृत गुरुयोजना बमोजिम कार्य सञ्चालन गर्ने गरी सम्झौता भएकोमा विद्यालय व्यवस्थापन समितिवाट विद्यालयको आवश्यकता बमोजिम परिमार्जित शिर्षकगत रकमान्तर सहित पेश हुन आएको कार्यक्रम स्वीकृत गरी कार्यान्वयन अघि वढाउने निर्णय गरियो ।

३) यस समितिको निर्णयानुसार  निःशुल्क जग्गा प्राप्त गर्ने सम्बन्धमा जारी गरिएको सूचना बमोजिम प्राप्त हुन आएका जग्गाहरुको भौगोलिक अवस्थिति लगायत विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना (साकार) ज्यूको संयोजकत्वमा तपसिल बमोजिम सदस्य रहेको एक अध्ययन समिति गठन गर्ने र उक्त समितिले वस्तुनिष्ठ ढंगवाट अध्ययन गरी प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

१) गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना (साकार) संयोजक

२) गाउँपालिका उपाध्यक्ष श्री ललिता अधिकारी सदस्य

३) वडा नं. ४ वडा अध्यक्ष श्री राजु वावु भण्डारी सदस्य

४) वडा नं. ६ का वडा अध्यक्ष श्री तुल वहादुर गुरुङ्ग सदस्य

५) प्रमुख प्रशासकीय अधिकृत श्री रिजेश उपरकोटी सदस्य

४) गण्डकी गाउँपालिका वडा नं. ५ निवासी सुकमाया सार्किको छोरा श्री विकास गैरेलाई हाल काठमाण्डौ स्थित सुधारगृहमा राखी उपचार गराइरहेको र आर्थिक सहयोगको लागि निवेदन पेश हुन आएकोले निजलाई आर्थिक सहायता कार्यविधि २०७९ को दफा ४ बमोजिम विपद् व्यवस्थापन शिर्षवाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

५) गण्डकी गाउँपालिका क्षेत्र भित्रको जग्गा वर्गिकरण गरी लगत व्यवस्थापन गर्ने सम्बन्धमा कार्यादेश प्राप्त परामर्शदाता श्री तारापुन्ज इन्जिनियरीङ्गको तर्फवाट विषयवस्तु प्रस्तुत भई जानकारी भयो ।